पुतलीबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा

पत्र संख्या :- २०८३/८४

चलानी नं. :-

कार्यपालिका बै.सं. १३५

संवत् २०८३ साल असोज २७ गते, मंगलबार बिहानको ११:०० बजे पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रगतिनगर, स्याङ्जामा बसेको कार्यपालिकाको बैठकका निर्णयहरु:

१. ठेक्का नं. 02/PM/NCB/GOODS/083/084 बमोजिम हाते ट्याक्टर आपूर्ति गर्नको लागि R.N.A. Biomedical Solution Pvt. Ltd. बीच मिति २०८३/०६/१५ मा भएको सम्झौता अनुसार मिति २०८३/०७/१५ सम्म कार्य सम्पन्न हुनुपर्नेमा देशमा उत्पन्न प्रतिकुल प्राकृतिक तथा यातायातजन्य परिस्थितिका कारण सामान आयात, भन्सार जाँचपास तथा ढुवानी प्रक्रियामा समस्या भएको कारण देखाई म्याद थपको निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (२क) को खण्ड (ग) बमोजिम सम्वत् २०८३ मंसिर २९ गतेसम्म थप गर्ने।

२. आ.व. २०८३/८४ को प्रथम त्रैमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्वत् २०८३ कार्तिक १९ गते, ११ नं. वडा कार्यालयमा सञ्चालन गर्ने।

३. आ.व. २०८३/०८४ का स्वीकृत कार्यक्रम अनुसार योजना/कार्यक्रम सञ्चालनका लागि पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. १८६, मिति २०८३/०४/२२ को योजना कार्यान्वयनका शर्त तथा निर्देशनहरुको अनिवार्य पालना गर्ने, गराउने।

४. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

५. आ.व. २०८३/०८४ को लागि देहाय अनुसार सूचीकृत बेरोजगार व्यक्तिहरुको संख्या स्वीकृत गर्ने।

| क्र.स. | वडा नं. | लाभग्राही संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १. | १ | ० | ० | ० |
| २. | २ | १४ | २० | ३४ |
| ३. | ३ | ३६ | २२ | ५८ |
| ४. | ४ | ६६ | ११ | ७७ |
| ५. | ५ | २५ | २९ | ५४ |
| ६. | ६ | २६ | १४ | ४० |
| ७. | ७ | ४२ | ३२ | ७२ |

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

टेलिफोन: ०६३-४२०४१० ... फ्याक्स: ०६३-४२०४१० वेबसाइट: putalibazarmun.gov.np इमेल: putalibazarmun@gmail.com, info@putalibazarmun.gov.np

| | | | | |
|---|---|---|---|---|
| ८. | ८ | ४३ | ५५ | ९८ |
| ९. | ९ | ११७ | १४३ | २६० |
| १०. | १० | ० | ० | ० |
| ११. | ११ | ० | ० | ० |
| १२. | १२ | ६९ | ३७ | १०६ |
| १३. | १३ | १६८ | १२९ | २९७ |
| १४. | १४ | २९ | १७ | ४६ |
| जम्मा | | | | ११४४ |

६. बालश्रममुक्त पालिका घोषणा कार्यविधि, २०७७ अनुसार स्थानीय समन्वय समितिका देहायका थप सदस्य मनोनयन गर्नेः

१. नगर उपप्रमुखः सदस्य

२. प्रमुख प्रशासकीय अधिकृतः सदस्य

३. स्थानीय तहस्तरीय बाल सञ्जालको अध्यक्षः सदस्य

४. प्रतिनिधि, स्थानीय प्रशासनः सदस्य

५. शाखा प्रमुख; पूर्वाधार विकास शाखाः सदस्य

६. बालबालिका क्षेत्र हेर्ने प्रहरी प्रमुखः सदस्य

७. विपद् राहतका लागि आवश्यक कागजात तथा प्रक्रिया सम्बन्धी आधारभूत कार्यविधिको लागि सबै वडा कार्यालयमा परिपत्र गर्ने।

८. पुतलीबजार नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण (पहिलो संशोधन) कार्यविधि, २०८३ स्वीकृत गर्ने।

९. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने।

१०. चाडपर्वको अवसरमा हुने लामो बिदाको अवधिमा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र मातहतका सबै कार्यालयहरुको सुरक्षा व्यवस्थाको आवश्यक प्रवन्ध गर्ने।

११. विविध विषयका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

१. पुतलीबजार नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा (२) बमोजिम पुतलीबजार नगरपालिका वडा नं. ७ निवासी वर्षा थापालाई रु. ४०,००० (चालीस हजार) आर्थिक सहायता प्रदान गर्ने।

२. पुतलीबजार नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ को दफा ४

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत



टेलिफोन नं : ०६३-४२०... ४२०४१० वेबसाइट: putalibazarmun.gov.np इमेल: putalibazarmun@gmail.com, info@putalibazarmun.gov.np

पुतलीबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा

पत्र संख्या :- २०८३/८४

चलानी नं. :-

को उपदफा (२) बमोजिम पुतलीबजार नगरपालिका वडा नं. ५ निवासी कमलापति जैसीलाई रु. २०,००० (वीस हजार) आर्थिक सहायता प्रदान गर्ने।

३. पुतलीबजार नगरपालिका वडा नं. ७ स्थित विश्व शान्ति स्तुपाको लागि ५०० लि. को दुई वटा पानी ट्याङ्की र १५० मि. पौने इन्चको पाइप उपलब्ध गराउने।

४. पुतलीबजार नगरपालिका वडा नं. ३ निवासी दिनेश गोदारको घर र गोठमा अविरल वर्षाको कारण क्षति पुगेकोले पुनर्निर्माणको लागि रु. ३०,००० (तीस हजार) आर्थिक सहायता प्रदान गर्ने।

५. पुतलीबजार नगरपालिका वडा नं. ३ स्थित जीवन विज्ञान योग साधनाको लागि आवश्यक सामग्रिहरुको व्यवस्थापनको लागि रु. २५,००० (पच्चीस हजार) आर्थिक सहायता प्रदान गर्ने।

६. पुतलीबजार नगरपालिका वडा नं. १३, बडहरे टारी स्थित ४०० रोपनी जग्गामा सिंचाई गर्ने कुलोमा क्षति भएकोले पुनर्निर्माणको लागि रु. ३०,००० (तीस हजार) बजेट विविध कोष (मर्मत) बाट व्यवस्थापन गर्ने।

७. पुतलीबजार नगरपालिका वडा नं. ९ स्थित काल्कु गोरेटो बाटो मर्मतको लागि रु. ३०,००० (तीस हजार) बजेट प्रकोप व्यवस्थापन कोष बाट व्यवस्थापन गर्ने।

(प्रदीपचन्द्र सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

(तुलसीराम रेग्मी)
नगर प्रमुख



टेलिफोन नं : ०६३-४२०४१०, ४२४०८० फ्याक्सः ०६३-४२०४१० वेबसाइटः putalibazarmun.gov.np इमेलः putalibazarmun@gmail.com, info@putalibazarmun.gov.np